赛馬會
逆境同行食物援助計劃
Jockey Club Food Assistance Programme

## जक्की क्लब फूड एसिस्टेन्स प्रोग्राम (खाद्य सहयोग कार्यक्रम)

कोभिड-19 महामारीले हङकङ समुदायमा अभूतपूर्व चुनौतीहरू ल्याउनका साथ, बढ्दो बेरोजगार र बेरोजगारीको कारण खाद्यान्न आपूर्तिको मागको क्रम बढ्दो छ। स्थानीय समुदायलाई सहयोग गर्न, द हङकङ जक्की क्लब च्यारिटि ट्रस्टले आर्थिकभार झेलिरहेका 70,000 भन्दा धेरै व्यक्तिहरु र परिवारहरुलाई विभिन्न पहलहरु मार्फत समय समयमा राहत उपलब्ध गर्न र परिवर्तन ल्याउन, छ वटा NGO हरु र CSR पार्टनरको संयुक्तमा HK$240 मिल्लियन बराबरको रकम पारित गरि "जक्की क्लब फूड एसिस्टेन्स प्रोग्राम" (खाद्य सहयोग कार्यक्रम) आरम्भ गरेको छ।

विभिन्न आवश्यकताहरु पूरा गर्न र पहुँच विस्तार गर्न यस कार्यक्रमले चार पहलहरु समावेश गरेको छ:

1. फूड एक्सप्रेस सर्भिस(खाद्य एक्सप्रेस सेवा)
2. फूड प्याक सर्भिस (खाद्य सामग्री सेवा)
3. अटोमेटेट् फूड डिस्पेन्सर सर्भिस; र
4. हट मिल सर्भिस(तातो खानाको व्यवस्था )

## फूड एक्सप्रेस सर्भिस(खाद्य एक्सप्रेस सेवा)

CSR पार्टनरले स्थापना गरेको अनलाइन खाना वितरण गर्ने प्लेटफर्मको लाभ उठाउँदै, यो आठ हप्तामा कोरोना भाइरसबाट प्रभावित भएका व्यक्तिहरूलाई,विशेष गरि होमबाउन्ड (रोग वा अन्य परिस्थितिका कारण घरभित्रै बस्नु पर्ने अवस्था)व्यक्तिहरु वा घरमा खाना पकाउन नसक्ने परिवारहरु लाई, खाना उपलब्ध गर्नेछ।

## फूड प्याक सर्भिस (खाद्य सामग्री सेवा)

विपन्न परिवारहरुलाई खानपानको व्यवस्था गर्दै, यस सेवाले खाद्यवस्तु जस्तै चामल, नुडल्ल, डब्बाको खाना र आठ हप्ताको लागि सुपरमार्केटको भाउचर उपलब्ध गर्दछ। खाद्य सामग्रीहरु वृद्धवृद्धा, बालबच्चाहरू र अल्पसंख्यक जातिहरुको पौष्टिक आवश्यकता अनुरुप तयार गर्न सकिन्छ।

## अटोमेटेट् फूड डिस्पेन्सर सर्भिस (स्वचालित खाद्यवस्तु निस्कने मसिन)

विभिन्न जिल्लाहरुमा राखिएको अटोमेटेट् फूड डिस्पेन्सरद्वारा, यो नवीन पहलले अनियमित घण्टा काम गर्ने व्यक्तिहरुलाई एक वर्षसम्मको लागि चिसोमा राखिएको तयारी खाना सजिलै प्राप्त गर्न मद्दत पुराउनेछ।

## <u>हट मिल सर्भिस(तातो खानाको व्यवस्था)</u>

यस सेवाले प्रतिकूल (अभावग्रस्त )अवस्थामा बस्ने व्यक्ति र परिवारहरुलाई, एक वर्षसम्मको लागि सामुदायिक भान्छाघरले पकाएको तातो खाना नि:शुल्क उपलब्ध गर्नेछ ।